Volume 2 2022
Nepal Public Policy Review

Policy Commentary

DOI: https://doi.org/10.3126/nppr.v2i1.48689

# स्वास्थ्य क्षेत्रको समयानुकूल रूपान्तरणका लागि अनुसन्धान

**डा. मृगेन्द्र राज पाण्डे**[1*]

*1. Founder, Mrigendra Samjhana Medical Trust*

Manuscript Received: - Final Revision: - Published: 25 September, 2022

## सारांश

डा. मृगेन्द्र राज पाण्डेले पाच दसक भन्दा बढी नेपालको स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान गर्नु भएको छ। उहाँले नेपालको स्वास्थ्य नीति निर्माण, जनचेतना फैलाउने र अनुसन्धानमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएको छ। उहाँले नेपालमा स्वास्थ्य अनुसन्धान परिषद स्थापना, विर अस्पतालमा मेडिकल र सर्जरी विभाग स्थापना लगायत स्वास्थ्य क्षेत्र सुधारमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएको छ।

**Keywords:** स्वास्थ्य अनुसन्धान, जनचेतना, स्वास्थ्य सेवा, समाज सेवा, चिकित्सा शिक्षा

* Corresponding author; M.R Pandey (pandeymr@gmail.com)

© Authors; Published by Nepal Public Policy Review and peer-review under the responsibility of Policy Research Institute Nepal. Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १. स्वास्थ्य नीति, जनचेतना र समाजसेवा

विक्रम सम्वत् २०१६/१७ सालतिर चिकित्सा पेशा सम्मानित भए पनि भौतिक पूर्वाधारको अभावमा गुणस्तरीय सेवा प्रवाह गर्न निकै गाह्रो थियो । एकातर्फ, झारफुक तथा जडिबूटीबाट उपचार गर्ने परम्परा थियो भने अर्कोतर्फ औषधि र स्वास्थ्य उपकरणको पनि उत्तिकै अभाव थियो । खुलस्त शब्दमा भन्ने हो भने आधुनिक उपचार पद्धति त्यसबेला बामे सर्ने प्रयास गर्दै थियो । नेपालकै जेठो अस्पतालको रूपमा रहेको बीर अस्पतालमा त्यहाँबाट प्रदान गरिने सेवाको आधारमा अलग-अलग विभाग बनाउने काम मेरै प्रयासबाट भएको हो । पहिलो पटक ई.सी.जी., आई.सी.यू., सी.सी.यू. लगायतका सेवाको सुरूवात गरिएको थियो । त्यसकासाथै, नेपालमा Post Graduate Medical Education प्रारम्भ गर्न वि. सं. २०४२-०४३ सालदेखि नै म लगायत मेरो समूहले महत्त्वपूर्ण भूमिका खेलेको थियो ।  वि. सं. २०४५ सालमा मेरै नेतृत्वमा बेलायतको Royal College of Physician सँगको सहकार्यमा नेपालमै एम.आर.सी.पी.को परीक्षा सञ्चालन गराउँथ्यौं । त्यस समयमा भारत, पाकिस्तान, बङ्लादेश, थाइल्याण्ड लगायतका देशबाट विद्यार्थीहरू अध्ययन एवम् परीक्षाका लागि नेपालमा ओइरो नै लाग्दथे । यो नेपालको लागि गौरवको विषय थियो ।

तत्कालीन समयमा नेपालजस्तो विकासोन्मुख राष्ट्रमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनु निकै कठिन विषय हो । स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म स्वास्थ्य सेवाको विस्ताका लागि अनेकौ चुनौती र समस्याको सामना गर्नुपरेको थियो । स्वास्थ्य सम्बन्धी जनचेतना फैलियोस् भन्ने उद्देश्यले काठमाडौँको जमलस्थित आफ्नै घरमा ठुलो 'साइनबोर्ड'मा "धुवाँ र धुम्रपानबाट बच्नुहोस्" भन्ने आकर्षक र जानकारीमूलक सूचना टासेको थिएँ । उक्त "साइनबोर्ड"लाई स्वदेशी तथा विदेशी विद्वानहरूले 'स्लाईड'नै बनाएर विभिन्न कार्यक्रमहरूमा प्रस्तुत पनि गर्नुभएको थियो ।

स्वास्थ्य सेवा जहिले पनि नागरिक र देशका लागि हुनुपर्दछ । चिकित्सा सेवालाई केवल धन आर्जन गर्ने पेशाको रूपमा मात्रै लिनुहुन्न । त्यसैले, मेरो जीवनमा कहिल्यै पनि निजी 'क्लिनिक' खोलेर काम गर्ने सोच बनाइन । राजा र राज परिवारका चिकित्सकका रूपमा काम गर्ने मौका पाएको थिएँ । त्यति हुँदाहुँदै पनि प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला बिरामी हुँदा उहाँको स्वास्थ्य जटिलतालाई ध्यानमा राख्दै थप उपचारको लागि अमेरिकामा पठाउन राजासमक्ष अनुरोध गरेको थिएँ । त्यो मेरा लागि त्यति अनुकूल परिस्थिति थिएन । यद्यपि, जोखिम मोलेरै मानवताको आधारमा चिकित्सकीय धर्म पूरा गरेको थिएँ ।

वर्तमान अवस्थामा नेपालको स्वास्थ्य क्षेत्रमा राम्रै उपलब्धी हासिल भएको छ, यो खुशीको कुरा हो । स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्ने संस्कृतिको विकास भएको छ । स्वास्थ्य क्षेत्रको विकासका लागि अनुसन्धान एकदमै आवश्यक छ । आगामी दिनमा अध्ययन तथा अनुसन्धानको दायरालाई फराकिलो बनाउँदै लैजानु पर्दछ । नीतिले विकास तथा सेवा प्रवाहलाई मार्गदर्शन गर्नेभएको हुँदा तथ्यपरक नीति निर्माण मार्फत स्वास्थ्य क्षेत्रको सर्वाङ्गिण विकास गरी वर्तमान स्वास्थ्य सेवाको प्रभावकारी सुधार गर्दै आम नागरिकको स्वास्थ्य अवस्थामा मात्रात्मक र गुणात्मक सुधार ल्याउन सकिन्छ ।

यद्यपि, पछिल्लो समयमा चिकित्सकीय सेवा शहरमुखी हुँदै गएको छ । यो दुःख लाग्दो अवस्था हो । देशका दूरदराजमा बस्ने नागरिकका लागि स्वास्थ्य सेवाको खाँचो छ । उनीहरूलाई सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने सवालमा चिकित्सक तथा स्वास्थ्यकर्मी आफै जुट्नु पर्दछ, र राज्यले त्यसका लागि आवश्यक व्यवस्था गर्नुपर्दछ ।

## २. स्वास्थ्य अनुसन्धान परिषदको स्थापना तथा महत्त्व

विक्रम सम्ववत् २०४७ सालमा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री भएपछि चिकित्सकमध्येबाट पहिलो स्वास्थ्य सचिव हुने अवसर प्राप्त भएको थियो । तर, त्यसलाई अस्वीकार गरेँ । नेपालमा स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि स्वास्थ्य क्षेत्रमा व्यापक अनुसन्धानको आवश्यकता थियो । त्यसैले, सचिव बन्नेभन्दा पनि स्वास्थ्य अनुसन्धान संस्था खोल्न पहल गरेँ । स्वास्थ्य क्षेत्रमा गरेको अनुसन्धानबाट विकसित देशहरूले लाभ लिइरहेका थिए । स्वास्थ्य क्षेत्रको अनुसन्धानबाट नेपालले पनि लाभ लिन सक्छ, लिनुपर्छ भन्ने महसुस गरी तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई भेटेर सोको जानकारी गराएँ । यो देशको लागि म स्वास्थ्य सचिव बन्नुभन्दा पनि नेपाल स्वास्थ्य अनुसन्धान परिषद् स्थापना हुनु ठुलो कुरा थियो ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्थापनासँगै त्यसलाई संस्थागत विकास गर्ने अर्को चुनौती थियो । त्यसका लागि ऐनको आवश्यकता थियो । त्यस समयमा प्रधानमन्त्रीलाई विशेष अनुरोध गरेर नेपाल स्वास्थ्य

अनुसन्धान परिषद् ऐनलाई मन्त्रिपरिषदबाट  पारित गरियो, जसले नेपालको स्वास्थ्य क्षेत्रलाई समयानुकूल, प्रभावकारी र जनोपयोगी बनाउन मार्गप्रसस्त गरेको छ । यसले स्वास्थ्य क्षेत्रमा नयाँ जानकारी लिन तथा अनुसन्धानका माध्यमबाट सत्यतथ्य पत्ता लगाउन टेवा पुगेको छ । यद्यपि, ऐन पारित गर्नेबेला केही व्यवधान नआएको भने होइन, तर यो राष्ट्रिय हित र वैभवको विषय भएको हुँदा ऐन पारित गर्न सबै राजी भएका थिए ।

## ३. बीर अस्पतालको उन्नयन

चिकित्सा विज्ञानको पढाई पूरा गरेर नेपाल फर्केपछि बीर अस्पतालमा काम गर्न थालियो । त्यतिबेला पनि बीर अस्पतालमा ‘मेडिकल’ र ‘सर्जरी’ विभागहरू स्थापना भएकै थिएनन्, सुपरीटेण्डेण्ट विभागमार्फत नै ती सेवा उपलब्ध गराइन्थ्यो । बीर अस्पतालको सेवालाई त्यो स्तरबाट माथि उकास्न मेरै नेतृत्वमा पहिलो चरणमा मेडिकल विभाग र पछि मेडिकल ओ.पी.डि. विभाग स्थापना गरियो । तत्कालीन अवस्थामा ठुलै मेहनत र परिश्रम गरेर बीर अस्पतालको स्तर वृद्धि गरिएको हो । राज्यले स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी बीरबाट प्रदान गरिने स्वास्थ्य सेवालाई सुलभ र गुणस्तरीय बनाउनु पर्दछ । स्वास्थ्य परीक्षण, औषधोपचार लगायतका सेवालाई आम नागरिकको पहुँचसम्म पुऱ्याउन आवश्यक छ ।

अध्ययन तथा अनुसन्धानको माध्यमबाट मुटु रोग, अर्बूद रोग लगायतका अन्य रोग लाग्नुका कारण तथा त्यससँग सम्बन्धित समस्याहरूको निराकरण गर्नसके रोगको उपचार पद्धतिमा सुधार गर्नुकासाथै अन्यलाई रोग लाग्नबाट पनि जोगाउन सकिन्छ । यसले आम नागरिकको  स्वास्थ्य सेवामा ठुलो योगदान पुऱ्याउँछ । पछिल्लो

समयमा मुटु रोग, अर्बूद रोग लगायत अन्य रोगका कारण धेरै मानिसमा निराशा पैदा हुनेगरेको देखिन्छ। जनचेतनाको माध्यमबाट यसमा सुधार ल्याउन सकिन्छ। हरेक मानिसलाई स्वस्थ जीवनशैली, खानपान, व्यायाम जस्ता पक्षहरूमा विशेष ध्यान दिनु जरूरी हुन्छ भन्ने कुरा बुझाउनु पर्दछ। धुम्रपान, धुवा र धुलोबाट जोगिने, खानपान, रहनसहन र जीवनशैलीमा सुधार गर्ने हो भने हृदयरोग, मधुमेह लगायतका अन्य रोगहरूबाट बच्न सकिन्छ।

## ४. मृगेन्द्र–सम्झना चिकित्सा गुठी

स्वास्थ्य सेवालाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउन विक्रम सम्वत् २०३३ सालमा "मृगेन्द्र-चिकित्सा गुठी"को स्थापना गरेको थिएँ। तर, कन्छी छोरी सम्झनाको अकस्मात् निधन भएपछि उक्त गुठीको नाम सबैको सहमतीमा "मृगेन्द्र-सम्झना चिकित्सा गुठी" भनेर नामाकरण गरियो। यो गुठीको मुख्य उद्देश्यहरू भनेको गाउँमै गएर गरिब जनताको सेवामा समर्पित हुने, धुम्रपान तथा सुर्तिसेवन बिरुद्ध कार्यक्रम गर्ने रहेका छन्। गुठीले दीन दुःखी, रोगले पीडित भएका तथा आफ्नो उपचार खर्चको व्यवस्था गर्न नसक्ने मानिसहरूका लागि सहयोग गर्ने लक्ष्य अनुरूप कार्य गर्दै आईरहेको छ। गुठी मार्फत उपचार प्राप्त गरिसकेपछि बिरामीले जीविकोपार्जनका लागि भोग्नुपरेको समस्यालाई समेत सम्बोधन गर्दथ्यो। ग्रामीण क्षेत्रमा धागो कात्ने चर्खा वितरण, शुलभ शौचालय निर्माण तथा धुम्रपान र मद्यपानलाई हतोत्साही गर्ने लगायतका कार्यक्रम गुठीले सञ्चालन गरेको थियो। जुम्लाको गाउँगाउँमा हुने गरेको अत्यधिक बालमृत्युलाई घटाउन गुठीले ठुलो योगदान गरेको थियो।

## ५. स्वास्थ्य क्षेत्रमा बढ्दो व्यापारीकरण

स्वास्थ्य सेवाको क्षेत्रमा  अहिले नचाहिदो किसिमले व्यापारीकरण भइरहेको छ, यो दुःखद कुरा हो। नेपालमा औषधि निकै महङ्गो भएका कारण न्यून आय भएका समुदायले स्वास्थ्य उपचारमा समस्या झेलिरहेका छन्। विशेषगरी, दीर्घरोगी, मृगौला फेरेको तथा क्यान्सरका बिरामीहरूले भारतमाभन्दा करिब दुई गुना बढी मूल्यमा औषधि किन्नुपर्ने अवस्था छ। यसलाई राज्यले नियमन गरी उत्पादन लगतको आधारमा औषधिको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न नीतिगत सुधार गर्न आवश्यक छ।

त्यसैगरी, नेपालमा चिकित्सा विज्ञानको पढाई असाध्यै महङ्गो भएका कारण आम नागरिकका सन्ततिले चिकित्सा शिक्षाबाट बञ्चित हुनुपर्ने अवस्था सिर्जना भएको छ। अहिले चिकित्सा शिक्षाको क्षेत्रमा नचाहिंदो किसिमले व्यापारिकण भएका करण यो अवस्था सिर्जना भएको हो। यो अत्यन्तै चिन्ताको विषय हो। यसलाई राज्यले कडा र कार्यान्वयनमुखी नीति बनाएर नियमन गर्नुपर्दछ। अन्यथा, चिकित्सा शिक्षा धनी वर्गले मात्रै पढ्ने शिक्षा बन्ने खतरा छ।

## ६. निष्कर्ष तथा नीतिगत सुझाव

नेपालको स्वास्थ्य क्षेत्रमा मात्रात्मक र गुणात्मक सुधार गरी यसलाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउन

आवश्यक छ। शिक्षा र स्वास्थ्य जस्तो संवेदनशील विषय राज्यको दायित्व हो। त्यसकारण, शिक्षा क्षेत्रमा भइरहेको व्यापारिकरणलाई कानून मार्फत नियमन गर्न आवश्यक छ। राज्यले तत्काल सुधार गर्नुपर्ने स्वास्थ्य क्षेत्रका विषयहरू यसप्रकार रहेका छन्-

क) चिकित्सा सेवा शहरमुखी हुँदै गइरहेको छ। देशका दूरदराजमा बस्ने नागरिकसम्म स्वास्थ्य सेवालाई पुऱ्याउन चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्ने गरी राज्यले आवश्यक व्यवस्था गर्नुपर्ने।

ख) तथ्य र प्रमाणमा आधारित नीति तथा योजनाको निर्माण गरी स्वास्थ्य सेवाको मात्रात्मक र गुणात्मक विकास गर्दै स्वास्थ्य उपचारमा सर्वसाधारणको समेत पहुँच स्थापित गर्न स्वास्थ्य क्षैत्रमा हुने अध्ययन तथा अनुसन्धानको दायरा फराकिलो बनाउनुपर्ने।

ग) चिकित्सा शिक्षामा नचाहिदो किसिमले भइरहेको व्यापारिकरणका कारण चिकित्सा शिक्षा धनाढ्य वर्गले मात्रै पढ्ने विषयको रूपमा स्थापित हुँदै गइरहेको हुँदा कडा कानूनमार्फत यसलाई नियमन गर्नुपर्ने।

घ) रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नुका कारणहरू पत्ता लगाई सोको बारेमा जनस्तरमा प्रचारप्रसार गर्नुपर्ने प्रणालीको विकास गर्नुपर्ने।

**लेखकको सङ्क्षिप्त परिचय**

मुटुरोग विशेषज्ञ डा. मृगेन्द्र राज पाण्डे काठमाडौँमा जन्मनु भएको हो। डा. पाण्डेले वेलायतबाट Diploma in Tropical Medicine and Hygiene (DTM & H) र एम.आर.सी.पि. उत्तीर्ण गरी बेलायतकै ठुला अस्पतालहरूमा काम गर्नुभयो। वि. सं. २०१७ सालमा नेपाल फर्केर बीर अस्पतालबाट काम थाल्नु भएका डा. पाण्डेले ख्यातिप्राप्त पदक, सम्मान र पुरस्कारहरू प्राप्त गर्नुभएको छ। लामो समयको चिकित्सा सेवा बापत उहाँले स्वदेश तथा विदेशबाट थुप्रै मानपदवीबाट समेत सम्मानित हुनुभएको छ। डा. पाण्डे हाल नेपाल स्वास्थय अनुसन्धान परिषद्को मानार्थ अध्यक्ष हुनुहुन्छ।

**सम्पादित आलेखका सम्बन्धमा**

नेपालको आर्थिक, सामाजिक, राजनीतिक, स्वास्थ्य, कला, संस्कृति, साहित्य, भाषा, ऐतिहासिक सम्पदा लगायत विविध विधामा विशेष योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूको विचार तथा सुझावलाई सार्वजनिक हितका लागि Nepal Public Policy Review जर्नल मार्फत प्रकाशन गर्ने यस जर्नलको सम्पादक मण्डलले निर्णय गरेको छ। सोही नीति अनुरूप नेपालको स्वास्थ्य क्षेत्रको विकासमा अतुलनीय योगदान पुऱ्याउनु भएका वरिष्ठ चिकित्सक डा. मृगेन्द्र राज पाण्डेको विचारलाई समावेश गरिएको छ। पाण्डेको सम्पादित आलेख १९ भाद्र २०७९ मा उहाँकै निबासमा गरिएको कुराकानीको आधारमा नीति अनुसन्धान प्रतिष्ठाका सहअनुसन्धानर्ता डा. मन्दिरा लामिछाने धिमाल तथा अनुसन्धानकर्ता डा. गिरीराज शर्माले तयार पार्नुभएको हो।